नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(..............................................................शाखा)

फोन न. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।


प्राप्त पत्र संख्या :-
पत्र संख्या :- ८०/८१
चलानी नं. :- २५४

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

मिति : २०८०/०९/२३

## विज्ञप्ती

विषय :-

हाल विश्वका केहि देशहरुमा कोभिड-१९ संक्रमण ओमिक्रोनको नयाँ sub-variant जे एन. १ (JN.1) को जोखिम बढीरहेको र छिमेकी देशहरुमा पनि संक्रमण फैलिरहेकाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आवश्यक निगरानी एवं सम्बन्धित देशहरुसँग समन्वय गरिरहेको छ । यसै सन्दर्भमा देशका विभिन्न भागहरूबाट विभिन्न उमेर समूहका व्यक्तिहरूबाट संकलित १६ वटा PCR तथा Antigen पोजेटिभ नमूनाहरुको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले मिति २०८०/९/२२ मा गरेको पछिल्लो genome sequencing प्रविधिबाट ७ वटा नमुनामा ओमिक्रोनको sub-variant जे एन.१ (JN.1) नेपालमा पहिलो पटक पुष्टि भएको जानकारी गराउंदछौ।

कोभिड-१९ को नयाँ sub-variant को बढ्दो संक्रमणलाई मध्यनजर गर्दै प्रवेश बिन्दुका सम्पूर्ण हेल्थ डेस्कहरु, स्वास्थ्य कार्यालयहरूलाई मार्फत आवश्यक स्क्रीनिंग र निगरानी निरन्तर गर्नुहुन साथै, स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरुलाई स्वास्थ्य उपचार व्यवस्थापनको तयारी अवस्थामा रहन अनुरोध गर्दछौं।

संक्रमण र संक्रमणको फैलावट रोकथाम गर्नका लागि हामी सबै जनस्वास्थ्यको मापदण्डहरू (भीडभाडमा नजान, भौतिक दुरी कायम गर्न, मास्कको प्रयोग गर्न, र साबुनपानीले हात धुन) अनिवार्य रूपमा पालना गर्न गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सबैमा अपिल गर्दछ ।

..............

डा. प्रकाश बुढाथोकी

प्रवक्ता